म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १३ मंगलबार, २७ साउन २०८२ ने. सं. ११४५ गुँल्लागा 12 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बकैयाका प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठको विदाई

हेटौंडा, २६ साउन/बकैया गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठको विदाई गरिएको छ । सोमबार गाउँपालिकामा एक कार्यक्रमकाबीच श्रेष्ठलाई बिदाई गरिएको हो । श्रेष्ठ बकैया गाउँपालिकामा ३ वर्ष ११ दिन बसेर बिदाई भएका हुन् । श्रेष्ठ २०७९ साउन १६ गते बकैयामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा आएका थिए । श्रेष्ठ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सरुवा भएर गएका हुन् । बकैयामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा झापा जिल्लाको बुद्धशान्ति गाउँपालिकाबाट बिनोद पोखेल आउन लागेका छन् । कार्यक्रममा बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछाने, उपाध्यक्ष भक्तबहादुर खत्री, वडाअध्यक्ष, कार्यपालिका सदस्य, पालिका कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, शिक्षक, विभिन्न संघसंस्थाका प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो ।

### विश्वासको मत लिनुअघि सहमति हुने दाबी

# बागमतीमा कांग्रेसभित्र देखिएको विवाद कायमै

साझाकुरा संवाददाता

हेटौंडा, २६ साउन/ बागमती प्रदेशसभामा नेपाली कांग्रेसभित्र देखिएको विवाद अझै समाधान हुन सकेको छैन ।

मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँ र पूर्वमुख्यमन्त्री बहादुरसिंह लामापक्षबीचमा देखिएको तिक्तता अन्त्य गरी सहमति जुटाउने प्रयास भइरहेको नेताहरुले जानकारी गराएका छन् ।

पूर्वमुख्यमन्त्री लामाले सोमबार पार्टी सभापति शेरबहादुर देउवालाई भेटेर आफ्नो पक्षको विचार राखिसकेका छन् । लामासँगै सभापति देउवालाई भेटेका नेताहरुका अनुसार मिलेर अघि बढ्न देउवाले निर्देशन दिएका थिए । साउन २७ गते आज मुख्यमन्त्री बानियाँले विश्वासको मत लिनुअघि नै दुईपक्षमा सहमति जुट्ने प्रदेश सांसदहरुले जानकारी गराएका छन् । पार्टीभित्रको आन्तरिक विषय भएको उल्लेख गर्दै प्रदेश सांसद हरिप्रभा खड्गीले भनिन्, 'नेताहरुसँग छलफल भइरहेको छ । सायद मिल्छ होला । नमिलिकन त भएन नि ।'



पूर्वमुख्यमन्त्री लामाले नियुक्त गरेका तीन जनालाई मन्त्री बनाउने विषयले दुई पक्षमा तिक्तता उत्पन्न भएको थियो । लामा पक्षधरले उनले नियुक्त गरेर सपथ हुन नपाएका तीन सांसदलाई नवगठित मन्त्रिपरिषदमा सहभागी गराउनुपर्ने विषयलाई मूल माग बनाएको छ । धादिङका गोविन्द लम्साल, चितवनका माया श्रेष्ठ र गीता गुरुङलाई मन्त्री नियुक्त गरेको भएपनि सपथग्रहण रोकिएको थियो । पूर्वमुख्यमन्त्री लामाले लम्साललाई आन्तरिक मामिला तथा कानुन मन्त्रालय, श्रेष्ठलाई युवा तथा खेलकुद मन्त्रालय र गुरुङलाई सहकारी तथा गरिबी निवारण मन्त्री नियुक्त गरेका थिए । सरकार सञ्चालनमा आपसी सरसल्लाह अनुसार अघि बढ्नुपर्ने सुनिश्चिता मुख्यमन्त्री बानियाँसँग पूर्वमुख्यमन्त्री लामा पक्षले खोजेको छ ।

असन्तुष्ट पक्षले आफ्ना माग सम्बोधन नभए मुख्यमन्त्री बानियाँलाई विश्वासको मत नदिने र सामूहिक राजीनामा दिने चेतावनी दिएको थियो । लामाले मन्त्री नियुक्त गरेर सपथ लिन नपाएका सांसद गोविन्द लम्सालले आफ्नो समूहका १३ जनाले समूहको नेतृत्वकर्ता लामालाई राजीनामा बुझाएको दाबी गरे । मन्त्री बनिसकेकालाई सपथ गराऔं भनिएको तर, राजीनामा नै गर्ने चेतावनी नदिइएको प्रदेश सांसद खड्गीले भनिन् 'राजीनामा दिने कुरा केही आएको छैन । त्यस्तो कुरा केही भएको छैन । कुरा मिलेन भने विश्वासको मत दिनलाई सोच्नुपर्छ कि भन्ने कुरा मात्र हो ।' प्रदेशसभामा कांग्रेसका ३७ सांसदमा लामा पक्षका १४ जना छन् ।

सत्ता साझेदार कांग्रेस र एमाले दुबै दलले मुख्यमन्त्री बानियाँलाई मंगलबार विश्वासको मत दिन ह्वीप जारी गरिसकेका छन् । कांग्रेस बागमती प्रदेश संसदीय दलका प्रवक्ता सुरजचन्द्र लामिछानेले मुख्यमन्त्री बानियाँले पार्टी सभापति देउबाले भनेको खण्डमा बहादुरसिंह लामाका तीनजना मात्र नभई बाँकी पाँचै मन्त्रालयमा उनकै पक्षका सांसदलाई मन्त्री बनाउने बताएको दावी गरे । उनले निवर्तमान मुख्मयन्त्री लामासँग भएको सहमतिको बिषयलाई लिएर केही पक्षले भ्रम सिर्जना गर्न खोजिरहेको दावी गरे ।

'निवर्तमान मुख्यमन्त्री बाहादुरजीसँग भएको सहमतिको विषयलाई लिएर भ्रम सिर्जना गर्न खोजिएको छ,' उनले भने, 'मुख्यमन्त्री बानियाँले पार्टी सभापतिले भन्नुभयो भने तीनजना होइन बाँकी पाँचै मन्त्रालयमा बाहादुरजीका सांसदलाई मन्त्री बनाउँछु भन्नुभएको छ ।' प्रवक्ता लामिछानेले जुनसुकै समूहको नाम आएपनि आखिर कांग्रेसकै सांसद भएकाले मुख्यमन्त्रीले त्यसमा कुनै आपत्ति नजनाएको दावी गरे । तर, मन्त्रिपरिषद् विस्तार भने २७ साउन विश्वासको मत लिएपछि मात्रै हुने उनले स्पष्ट पारे । सोहीअनुसार तयारी भइरहेको उनको दावी छ । '२७ साउनमा मुख्यमन्त्री बानियाँले विश्वासको मत लिने कार्यक्रम छ । त्यसपछि मात्रै मन्त्रिपरिषद् विस्तार हुन्छ,' उनले भने ।

त्यसपछि पार्टीका सभापति लगायत शीर्ष नेतृत्वसँग बसेर मन्त्रिपरिषद् विस्तारको विषय टुंग्याउने प्रवक्ता लामिछानेले जानकारी दिए । ११० सदस्यीय प्रदेशसभामा सत्तारुढ दलहरुका प्रत्यक्ष र समानुपातिकतर्फका ६४ सांसद छन् । जसमा सरकारको नेतृत्व गरिरहेको कांग्रेसका ३७ र एमालेका २७ सांसद छन् । प्रतिपक्षतर्फ माओवादी केन्द्रका २१, राप्रपाका १३, एकीकृत समाजवादीका ७, नेमकिपाका ३ र हाम्रो नेपाली पार्टीका २ सांसद रहेका छन् ।

## अनलाइन समाचार पोर्टल दर्ता प्रावधानविरुद्ध सर्वोच्चमा रिट





साझाकुरा संवाददाता

हेटौंडा, २६ साउन/ अनलाइन सञ्चारमाध्यमहरु जिल्ला प्रशासन कार्यालयमा दर्ता हुनुपर्ने नयाँ कानुनी प्रावधान खारेज हुनुपर्ने माग गरी सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ ।

अधिवक्ता अनिल आचार्य, पत्रकार सुमल लुँइटेल र सञ्चारमाध्यम सञ्चालक बिकल गिरीले छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ को संशोधित प्रावधान खारेज गर्नुपर्ने माग राखी सर्वोच्चमा रिट निवेदन दिएका हुन् । उनीहरुले ऐनमा थपिएको दफा ७ (ख) खारेजीको माग गरेका छन्, जहाँ अनलाइन सञ्चारमाध्यमहरु सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता हुनुपर्ने प्रावधान थपिएको छ । २०८१ साउन १४ गते राजपत्रमा प्रकाशित केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०८२ ले छापाखाना तथा प्रकाशन सम्बन्धी ऐनमा केही प्रावधान थपेको थियो ।

अनलाइन सञ्चार माध्यमको दर्ता र नवीकरण गर्ने अधिकार जिल्ला प्रशासन कार्यालयमा सीमित गरेको नयाँ व्यवस्थाले संविधानमा भएको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकमा प्रत्यक्ष अतिक्रमण हुने रिट निवेदनमा जिकिर छ । कानुनी व्यवस्था नै खारेजीको माग राखेको हुनाले उनीहरुको रिट निवेदन सर्वोच्च अदालतको संवैधानिक इजलासमा सुनुवाइ हुनेछ ।

उनीहरुले त्यो व्यवस्था बदर गर्न, अनलाइनहरुलाई प्रेस तथा सूचना विभागमा दर्ता गर्ने हालकै व्यवस्थालाई निरन्तरता दिन पनि माग गरेका छन् । उनीहरुले रिट निवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, कानून मन्त्रालय, सूचना तथा प्रशारण विभाग, प्रेस काउन्सिल नेपाल, संघीय संसद सचिवालय सभामुख र राष्ट्रियसभाका अध्यक्षलाई विपक्षी बनाएका छन् ।






साझाकुरा

## हाम्रो कुरा

# आन्दोलनको चेतावनी

आन्दोलन नगरी अधिकार पाउनै मुस्किल पर्ने देशको सूचीमा नेपाल अग्रस्थानमा रहेको छ । मुलुकको तीनै तहका सरकारलाई आवश्यक परेको कानुन बनाउन शिक्षकले सडकमा तीनसातासम्म आन्दोलन गरे । २०२८ सालमा पञ्चायती ब्यवस्थामा बनेको ऐन टालटुल गर्दै आजको दिनसम्म चल्यो । संविधानले विद्यालय तहको शिक्षाको अधिकार स्थानीय सरकारलाई दिएको छ तर, कानुन नभएकै कारण स्थानीय सरकार अन्यौलमा छ । स्थानीय सरकारले ८ वर्षदेखि 'कुहिरोको काग' भनेझैं विद्यालय शिक्षा ऐन नभएकै कारण रुमल्लिनु परेको छ । त्यही ऐन बनाउन दवाद दिनेक्रममा काठमाडौंमा देशभरका शिक्षक उत्रिनु पर्‍यो । सरकारले असार १५ भित्र विद्यालय शिक्षा ऐन जारी गर्ने आश्वासन दियो तर, काम भएको छैन । भदौको दोस्रो साताबाट शिक्षक महासंघले पुन आन्दोलन सुरु गर्ने उद्‌घोष गरिसकेको छ । सरकारलाई चाहिएको ऐन जारी गर्न शिक्षकले कक्षाकोठामा पढाउन छोडेर सडकमा उत्रनु पर्ने नियती हाम्रो मुलुकमा मात्रै होला । ऐन, नियमावली नभएकै कारण कतिपय पालिकाले शिक्षकलाई अनावश्यक रुपमा दुःख दिएको हाम्रो सामु ताजा उदाहरण छन् । सबै पालिकामा एकरुपता कायम गर्न संघ सरकारले ऐन बनाएर लागू गर्न पनि शिक्षकले सडकमा आउनै पर्ने लाजमर्दो विषय हो ।

अझ प्रस्तावित शिक्षा ऐनमा राखिएको बुँदामा चित्त नबुझेका कारण निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन)ले आन्दोलन गर्ने घोषणा गरेको छ । निजी विद्यालयलाई क्रमशः गैरनाफामूलक बनाइने वाक्यांश विद्यालय शिक्षा विधेयकबाट हटाउन उनीहरुले माग गरेका छन् । काठमाडौंमा आईतवार पत्रकार सम्मेलन गर्दै उनीहरुले यस्तो माग गरेका हुन् । उनीहरुले पूर्णछात्रवृत्ति भन्ने शब्द विधेयकबाट हटाइनुपर्ने बताएका छन् । हाल अभ्यासमा रहेको जम्मा विद्यार्थी संख्याको १० प्रतिशत छात्रवृत्ति दिने प्रावधानलाई निरन्तरता दिइनुपर्ने उनीहरुको माग छ । छात्रवृत्तिअन्तर्गत भर्ना शुल्क, वार्षिक शुल्क र मासिक पढाइ शुल्क कायम हुनुपर्ने प्याब्सनले माग गरेको छ । पत्रकार सम्मेलनमा प्याब्सन केन्द्रीय कार्यसमिति महासचिव आर बी कटुवालले साउन २८ गतेभित्र आफूहरुका माग सम्बोधन गरी विधेयकमा संशोधन नगरे आगामी साउन २९ गतेदेखि आन्दोलन गर्ने चेतावनी दिएका छन् । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन कार्यान्वयनमा निजीक्षेत्र वाधक रहेको बुझाई हो भने निजी विद्यालयलाई राष्ट्रियकरण गरी राज्यको मातहतमा लिने वा सबै विद्यार्थीलाई भौचर दिएर विद्यालय छान्ने अवसर निर्माण गर्नुको विकल्प नरहेको महासचिव कटुवालले बताए । विधेयकमा निजी लगानीमा सञ्चालित विद्यालयलाई क्रमशः गैरनाफामुलक बनाउँदै लैजाने प्रावधान, २०५८ सालमा सरकारले कम्पनी कानूनबमोजिम सञ्चालन गर्न दिनेगरी गरेको कानूनी व्यवस्था विपरित रहेको उनले बताए ।

प्रस्तावित विधेयकमा पूर्णछात्रवृत्ति शिक्षण शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक तथा शैक्षिक सामग्री, पोशाक, यातायातलगायत उपलब्ध गराउनुपर्ने भन्ने विषय कम्पनी कानूनको भावना र मर्मविपरित रहेको प्याब्सनको ठहर छ । राज्यको दायित्वभित्र पर्ने विषयलाई विषयान्तर गरी भ्रमपूर्ण ढंगले सार्वजनिक खपतका लागि कुनै संस्था वा समुदाय विशेषले राज्यले गर्न नसकेको काम गराउनलाई कानूनी व्यवस्था अव्यवहारिक, लगानी प्रतिकुल, पूर्वाग्रहले भरिपूर्ण र समग्र क्षेत्रलाई समूल नष्ट गर्ने उद्देश्यबाट लक्षित रहेको आरोप प्याब्सनले लगाएको छ । लगानीमैत्री शिक्षा नीति हुन नसक्ने कानून आउनु देशलाई विकासक्रमबाट पछि धकेल्नु र लगानीकर्तालाई हतोत्साहीत बनाउनु रहेको प्याब्सनको बुझाइ रहेको छ । एउटा लोकतान्त्रिक व्यवस्था अवलम्वन गरिरहेको राज्यको कानून निर्माण गर्ने व्यक्तिहरुबाट संविधानको सम्पूर्ण कार्यान्वयन निजीक्षेत्रले गर्ने हो भन्ने ढंगको गलत भाष्य निर्माण गरी, राज्यले गर्न नसक्ने काम निजीक्षेत्रबाट प्रवाह गराउन खोज्नु अव्यवहारिक र राज्यलाई अनुत्तरदायी बनाउने प्रयास हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ साउन २८ गते बुधबार १३ अगष्ट २०२५ । चतुर्थी, भाद्र कृष्णपक्ष । गुँल्लागा ११४५ ने.सं. । सूर्योदय ५:३४, सूर्यास्त ६:४२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अनावश्यक झंझट बृद्धि | **तुला** | : मित्रबर्गबाट धोका |
| **वृष** | : आरोप प्रत्यारोपको सामना | **वृश्चिक** | : सम्पत्ति सम्बन्धी विवाद |
| **मिथुन** | : ऋण नाश | **धनु** | : न्यायिक कार्यमा सफलता |
| **कर्कट** | : खर्च वृद्धि | **मकर** | : कार्यगत उतारचढाव |
| **सिंह** | : आफन्तबाट चिन्ता | **कुम्भ** | : आर्थिक सिद्धि |
| **कन्या** | : इष्ट सिद्धि | **मीन** | : कार्य सिद्धिमा विलम्ब |

# दोस्री महिलाका कारण रुँदै हिंडिरहेका महिलाहरू



✍नारायणी देवकोटा

साउन १६ गते बिहानै समाचारसँगै सामाजिक सञ्जालमा एउटा बहस सार्वजनिक भयो- अब बहुविवाहको कानुन परिवर्तन गरिने भन्दै । झट्ट शीर्षक मात्रै पढ्दा मनमा लाग्यो यो कुनै सांस्कृतिक समाजको लागि ल्याउन लागिएको कानुन होला, जसलाई एकल विवाहको कारण आर्थिक, सांस्कृतिक क्षेत्रमा असर परेको कारण उक्त परिस्थितिलाई खुला गर्न लागिएको होला । विशेषगरी हिमाली क्षेत्रमा भेडा र चौंरी पाल्ने केही समुदायमा भएको बहुपतिप्रथा बन्दहुने र आफ्नो थातथलोमा राष्ट्रिय निकुञ्ज खुल्नुले ठूला ठूला भेडीगोठ र चौरीगोठ समाप्त हुँदै गएकोमा सरकारले विशेष ध्यान दिएर कानुनमा संशोधन गर्न लागेको होला भन्ने अनुमान लगाइयो ।

तर, पूरै समाचार पढेपछि थाहा भयो आम मानिसका वा विशेषगरी सीमान्तकृतका त्यस्ता समस्याको विषयमा कानुन संशोधन गर्न चाहनेहरूका लागि उक्त कुरा चासोको हुन्छ भन्नु आफ्नै मूर्खतापूर्ण परिकल्पना भएको स्वीकार गर्न पर्‍यो । संशोधन हुन लागेको उक्त कानुनी व्यवस्था घरमा श्रीमती हुँदाहुँदै आफ्नो यौन चाहना पूरा गर्नको लागि घरबाहिर अर्की महिलासँग सम्बन्ध विस्तार गर्ने, र त्यसरी सम्बन्ध विस्तार गर्ने क्रममा जन्मेका बालबालिकाको सवाल र महिलाका समस्यालाई समाधान गर्ने भन्ने सतही तर्कको आधारमा पुरुषका घर बाहिरका सम्बन्धलाई मान्यता दिनको लागि भइरहेको कानुनी व्यवस्थालाई संशोधन गर्न लागिएको रहेछ भन्ने थाहा पाउनु आम चेतनशील व्यक्तिको लागि पीडादायी कुरा हो ।

कानुन संशोधनको लागि गरिएका तर्क पनि हास्यास्पद रहेका छन्, 'महिला र बालबालिका सडकमा नै आउने अवस्था भयो ।' उक्त सतही स्टेटमेन्टले गम्भीर बहसको माग गर्छन् । पहिलो त महिला र बालबालिका सडकमा नै आउनुपर्ने बाध्यता कस्तो प्रकारको आर्थिक, सामाजिक अवस्थामा आउँछ ? अर्को के महिलाका तमाम समस्या विवाह गरेर पछि समाधान हुन्छन् ? र, श्रीमान्-श्रीमती वा प्रेममा रहेका व्यक्तिहरूले उक्त सम्बन्ध पहिला टुंगोमा पुर्‍याउनुपर्ने हो कि उक्त सम्बन्धलाई पनि यत्तिकै राखेर, उक्त सम्बन्धको फाइदा लिंदै अर्को सम्बन्ध विस्तार गर्दै हिंड्ने हो ? यो लेख यिनै तीन प्रश्नको उत्तरमा केन्द्रित रहेको छ ।

**महिला किन "बिचरा" छन् ?**

कुनै पनि मामलामा महिला र पुरुषका बारेमा सवाल आउँदा जहिले पनि जहाँ पनि महिलालाई 'बिचरा' अरूको भरमा बाँचिरहेको व्यक्तिको रूपमा प्रस्तुत गरिन्छ । बहुविवाहको कानुनको सन्दर्भमा पनि महिलालाई 'सडकमा नै आउने अवस्था आयो' भन्दै बिचरी महिलाको रूपमा प्रस्तुत गर्न खोजिएको छ । यहींनिर प्रश्न उठ्छ, के महिला प्राकृतिक रूपमा नै वा उनका कर्मका कारण बिचरा हुन् कि उनीहरूलाई सामाजिक, आर्थिक, सांस्कृतिक पक्षले बिचरा बनाएको हो ! पक्कै पनि उनीहरूको प्राकृतिक स्वरुप वा कर्मका कारण नभई सामाजिक, आर्थिक, सांस्कृतिक कारणले महिलालाई बिचरा बनाएको । पैतृक सम्पत्तिमा समान पहुँच नहुनु, घरभित्र नै दोस्रो दर्जाको नागरिकको रूपमा बाँच्न सांस्कृतिक कारणले बाध्य रहनु, महिलाको पहिचानलाई समाज र कानुनले स्वीकार गर्न नसक्नु (उदाहरणको रूपमा आमाको नामबाट सहज रूपमा नागरिकता नदिनु) र घरभित्रको काम जो मूलतः अहिलेसम्म महिलाको रहेको छ, त्यसको उचित मूल्यांकनको व्यवस्था नहुनु जस्ता कारणले महिला अहिले 'कठै', वा 'बिचरा' बनेका हुन् ।

यसै पनि वर्तमान विश्वको मानवअधिकारका सवालबाट हेर्ने हो भने कोही व्यक्ति 'बिचरा' वा दयाका पात्र हुँदैनन् । ती कोही व्यक्तिमा महिला, गरिब, सीमान्तकृत, पूर्ण अपांगता भएका व्यक्तिलाई पनि बिचरा भन्न मिल्दैन । उनीहरूको जिम्मेवारी सरकारले लिने हो, कसैलाई टाँसो लगाउने होइन । जो-कोही व्यक्ति कमजोर छ भने उसको सशक्तीकरण कसरी गर्ने भन्ने विषयमा सरकारले काम गर्ने हो, योजना बनाउने हो र कार्यान्वयनमा लैजाने हो । यसरी प्रक्रियागत रूपमा काम गर्न नसक्नु त्यस समाजको अकर्मन्यता हो, विशेषगरी सरकारको अकर्मन्यता हो । महिला र बालबालिका सडकमै आए भन्नुको अर्थ यदि पिता खोज्दै आए भन्ने हो भने, सरकारले आफ्नो देशको सरहदमा जन्मेका बालबालिकाका आधारभूत आवश्यकता जरुरत परेको खण्डमा पूरा गर्ने र सहज रूपमा आमाको नाममा नागरिकताको व्यवस्था गरिदिने बित्तिकै महिला र उनका छोराछोरीले आफूलाई पिता खोज्दै हिंड्ने झन्झट गर्न पर्दैन । तर, सरकार र कानुन नै महिलालाई कतै सजिलो पो हुन्छ कि भन्दै आपराधिक मानसिकता भएका व्यक्तिको पक्षमा लाग्छ भने केही भन्न सकिन्न ।

**विवाहले मानिसका दुःखको निवारण गर्छ त ?**

विवाह गरेपछि महिलाका समस्या वा दुःखको निवारण गर्दछ भन्ने सोच अत्यन्तै पुरातनवादी हो । वर्तमान विश्वमा प्रेम, पार्टनरसिप वा विवाह जस्ता सम्बन्ध पनि प्रेम, विश्वास र पनि आपसी सहकार्यमा टिकेको हुन्छ । प्रेम, विश्वास र आपसी सहकार्य नभएको सम्बन्ध वा विवाहले कुनै पनि व्यक्तिको समस्याको निवारण गर्दैन । विवाह वा प्रेम सम्बन्धको जड एउटा कागजको खोस्टाले भन्दा बढी आपसी माया, साथ-सहयोग र लामो समयसम्मको सहकार्यले बलियो बनाउने हो । त्यस सहकार्यमा भावनात्मक, आर्थिक, सामाजिक, सांस्कृतिक सहकार्यले निर्माण गर्ने हो । तर, ती कुनै पनि पक्षमा सहकार्य नहुने र कागजी रूपमा मात्रै विवाह गर्दैमा न त महिलाको न पुरुषका समस्याको निवारण हुन्छ । यदि हुन्थ्यो भने संसारभरि विवाह गर्ने दरमा कमि आउँदैनथ्यो वा विवाह गरिसकेपछि सम्बन्धविच्छेदका लागि पहलको दर बढ्दैनथ्यो । संसारभर विवाहको दरमा कमि आउनु र विवाह गरेका जोडीका बीचमा पनि सम्बन्धविच्छेदका दर बढ्नुले विवाह भन्ने संस्था माथि नै वर्तमान विश्वमा गम्भीर प्रश्न उठिरहेको छ ।

यसै पनि लामो समयदेखि महिलावादी र मार्क्सवादीहरूले विवाह नामक संस्था महिला र बालबालिकाको लागि दमनकारी छ भन्ने विषयमा लबिइङ गर्दै आएका छन् । विवाह महिला बालिबालिकाको लागि दमनकारी बन्नको लागि राज्यले नै कानुन बनाएर अझ सहज बनाइदिएको छ । आफ्नो केही दिनको यौन तिर्सना मेट्न आफूलाई अविवाहित वा सम्बन्धविच्छेद गरेको वा गर्नै लागेको भनि झुटो कुरा गरेर सम्बन्ध स्थापित गरेपछि भागेको पुरुषलाई सन्तानको लागि नागरिकताको खोस्टो लिनको लागि श्रीमान् मानिदिनुपर्ने, वा आफ्नी आमालाई यौन सम्बन्धको लागि वस्तु जस्तो प्रयोग गरेर आफूहरूलाई अलपत्र छोडेको पुरुषलाई पिता मानिदिनुपर्ने र त्यसले सामाजिक, मानसिक रूपमा पारेका असर नै राज्य निर्देशित हिंसा हो ।

**मन नमिलेका पार्टनरसाग बस्नुपर्ने बाध्यताको जरो**

नेपाली समाजमा विवाह बाहेकको यौन सम्बन्धलाई आज पनि धेरै हदसम्म स्वीकार गरिदैन । तर यौन व्यवसाय बाहेकका कुनै पनि सम्बन्धमा चाहे त्यो लिभिङ टुगेदर (सामाजिक, कानुनी र सांस्कृतिक रूपमा विवाह नगरिएको, तर सँगै बस्ने, खाने र यौन सम्बन्ध कायम भएको सम्बन्ध) होस्, वा प्रेम सम्बन्ध (जो बस्ने खाने त छुट्टाछुट्टै गर्छन्, तर यौन सम्बन्ध पनि राख्छन्) समेत पार्टनरको प्रतिबद्धता माग गरिन्छ । अर्थात् उसले अर्को व्यक्तिसँग यौन सम्बन्ध राख्दै हिंड्ने कुराको परिकल्पना गरिदैन ।

'पुरुषहरूको घरमा भएकी श्रीमतीसँग मन नमिलेका कारण श्रीमतीसँग बाहेक पनि यौन सम्बन्ध स्थापित हुने गरेको' भन्ने जुन सवाल छ, त्यो सोचनीय छ । विवाहित श्रीमतीसँग कुरा नमिल्ने कारण के हो त्यो विषयमा अध्ययन हुन जरूरी छ । कुतर्क गर्नका लागि धेरै कुतर्क होलान् । तीमध्ये हाम्रो समाज देखिने, सुनिने कुतर्कहरू श्रीमतीका रुखा वचन, झगडा, शंका, आफ्नो हैसियत अनुसारको श्रीमतीको हैसियत ( आफ्नो अनुसारको शैक्षिक योग्यता, बौद्धिक क्षमता, रूपरंग, लवाइखवाइ) नभएको देखि श्रीमतीको यौन अरुचि, शारीरिक सुन्दरतासम्म रहेको समाजका गन्यमान्य टोपलिएका धेरै पुरुषले आफ्नी श्रीमतीसँग राम्रो सम्बन्ध नरहेको गफ धेरै ठाउँमा गरिरहेका पाइन्छन् ।

त्यसमाथि कतिपयले आफ्नी श्रीमतीको अर्को पुरुषसँगको सम्बन्ध, आफूलाई गर्ने हेपाहा व्यवहार र कतिपय अवस्थामा शारीरिक रूपमा गर्ने कुटपिटका कारण पनि श्रीमतीसँग आफ्नो सम्बन्ध राम्रो नभएको गफ गरिरहेको पाइन्छ । विवाह भन्दा अगाडि नै रुपरंग हेरेर, हैसियत हेरेर विवाह गरेका श्रीमान्-श्रीमतीका बीचमा समयक्रममा रूप, रंग, हैसियत नमिल्नेको कारण के हो त्यो महिलावादी आँखाबाट हेर्दा सोचनीय सवाल हो । त्यसको एउटा बलियो पक्ष पुरुषले आफ्नो पढाइ र पेशामा केन्द्रित भइरहँदा महिलाले श्रीमान्, श्रीमान्को परिवार, श्रीमान्को घर-व्यवहार र छोराछोरीमा गरेको लगानीका कारण महिलाको आर्थिक, शैक्षिक र सामाजिक हैसियत जहाँको त्यहीं रोकिन्छ र पुरुषको हैसियत महिलाको योगदानमा टेकेर बढ्दै जान्छ । जुन मार्क्सवादी भाषामा महिलाप्रतिको शोषण हो, न कि महिलाको नालायकी ।

श्रीमान्को हैसियत बनाउन महिलाले योगदान गरिरहँदा, महिलाको हैसियत बनाउन सहयोग गर्न नसक्ने व्यक्ति कुनै हैसियतवाला होइन नालायक हो । यति धेरै संरचनात्मक लाभमा उभिएर पनि एउटा पुरुष यदि कुनै प्रकारको हिंसा खेपिरहेको छ र त्यसको बावजुद पनि श्रीमतीलाई छोड्न सक्दैन र म 'श्रीमती पीडित' भन्दै बिचरा बन्दै हिंड्छ भने त्यस्ताले अर्की महिलाको रक्षा कसरी गर्न सक्छ ?

अन्त्यमा, महिलाहरूलाई संविधानले नै उपलब्ध गराएका हकलाई सरकारले आम महिलाका पहुँचमा पुर्‍याउनका लागि पहल गर्नुपर्ने, घरभित्र महिलाले गर्ने कामको उचित मूल्यांकनको प्रावधान विकास गर्नुपर्ने, आफ्नो सरहदमा जन्मेका बालबालिकाको हेरविचार, पठनपाठनको जिम्मेवारी सहित पहिचानका लागि विना शर्त नागरिकता उपलब्ध गराउनुपर्ने, महिलालाई आर्थिक सशक्तीकरण गर्नको लागि पहल गर्नुपर्नेमा सजिलो बाटो छोडेर, आपराधिक मानसिकता भएको, ढाँट-छल गरेर सम्बन्ध स्थापित गर्ने र जिम्मेवारीबाट भाग्ने पुरुषलाई श्रीमान् र पिता भनेर मानिदिन किन परेको हो ? र यस्तो विषयमा वकालत गर्ने व्यक्तिलाई शासक, प्रशासक मानिदिनुपर्ने सभ्य समाजको दुर्भाग्य हो ।

*(साभार: अनलाइनखबर)*

# नेपालको शिक्षामा द्वैध प्रणालीको अन्त्य कसरी गर्ने ?

✍एमपी यादव

नेपालमा हालै प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट पारित भएको विद्यालय शिक्षा विधेयकले शिक्षा क्षेत्रमा व्याप्त गम्भीर समस्याहरूलाई सतहमा ल्याइदिएको छ । यो विधेयकमा विशेषगरी निजी विद्यालयहरूले उपलब्ध गराउनुपर्ने छात्रवृत्ति र त्यसमा आवासीय सुविधा समावेश गर्ने वा नगर्ने भन्ने विषयमा चर्को बहस चलिरहेको छ ।

यो बहस एक प्रावधानमा मात्र सीमित छैन, यसले समग्र शिक्षा प्रणालीमा रहेको असामानता, शिक्षाको बढ्दो व्यापारीकरण र राज्यको आफ्नो संवैधानिक दायित्वबाट पन्छिने प्रवृत्तिलाई उजागर गरेको छ । सबैका लागि गुणस्तरीय शिक्षाको पहुँच र समानता सुनिश्चित गर्ने दिशामा सरकारको भूमिका, निजी क्षेत्रको जिम्मेवारी र शिक्षकहरूको हक अधिकारलाई एकैसाथ सम्बोधन गर्ने एकीकृत समाधान अपरिहार्य देखिएको छ ।

**शिक्षामा द्वैध प्रणाली र यसका दुष्परिणाम**

नेपालको शिक्षा क्षेत्रमा सबैभन्दा ठुलो र गहिरो समस्या द्वैध शिक्षा प्रणाली हो । यस प्रणालीअन्तर्गत एकातर्फ उच्च शुल्क लिने निजी विद्यालयहरू छन्, जसले आधुनिक पूर्वाधार, अंग्रेजी माध्यमको पढाइ, अतिरिक्त क्रियाकलाप र भौतिक सुविधामा जोड दिएर गुणस्तरको मानक स्थापित गरेका छन् । अर्कोतर्फ, अधिकांश सामुदायिक विद्यालयहरूमा पर्याप्त स्रोत-साधनको अभाव, भौतिक पूर्वाधारको कमजोर अवस्था, शिक्षकको व्यवस्थापनमा देखिएको कमजोरी र शिक्षण विधिमा नवीनताको कमीले गर्दा गुणस्तर खस्किँदै गएको छ । यो द्वैध प्रणालीले गरिब र धनीबीचको शैक्षिक खाडललाई झन् फराकिलो बनाउँदै लगेको छ ।

निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूले पाउन सक्ने उत्कृष्ट अवसर र सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीले पाउन सक्ने सीमित अवसरबीचको भिन्नताले समाजमा असमानतालाई बलियो बनाउँछ । निजी विद्यालयका विद्यार्थीहरू राम्रा विश्वविद्यालयमा भर्ना हुने र रोजगारीका अवसर प्राप्त गर्ने सम्भावना बढी हुन्छ । जबकि सामुदायिक विद्यालयका विद्यार्थीहरूले सीमित अवसरमै चित्त बुझाउनुपर्ने अवस्था छ । यो अवस्थाले सामाजिक गतिशीलतालाई कमजोर बनाउँछ र पुस्ता-पुस्तासम्म गरिबीको चक्र कायम राख्न मद्दत गर्छ । नेपालको संविधानले नै आधारभूत शिक्षालाई सबै नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ । यसको अर्थ प्रत्येक नागरिकलाई निःशुल्क र अनिवार्य शिक्षा उपलब्ध गराउने प्राथमिक दायित्व राज्यकै हो । तर सरकार यो दायित्वबाट पन्छिएर शिक्षा क्षेत्रलाई निजी क्षेत्रको भरमा छाड्न खोजेको आभास हुन्छ । सरकारी उदासीनताकै कारण सामुदायिक विद्यालयको गुणस्तर खस्किएको छ । अभिभावकहरू आफ्ना छोराछोरीलाई महँगो शुल्क तिरेर भए पनि निजी विद्यालयमा पढाउन बाध्य छन् । यसले शिक्षालाई सार्वजनिक सेवाको सट्टा कमाइ गर्ने व्यवसायमा रूपान्तरण गरिदिएको छ । जसको प्रत्यक्ष मार आम नागरिकमा परेको छ ।

हालको विधेयकमा निजी विद्यालयलाई छात्रवृत्तिमा आवासीय सुविधा अनिवार्य गर्नेजस्ता प्रावधानहरू आउँदा, यसले थप जटिलता उत्पन्न गरेको छ । यो प्रावधान सैद्धान्तिक रूपमा आकर्षक देखिए पनि यसको कार्यान्वयन पक्ष अव्यावहारिक र जोखिमपूर्ण छ । अधिकांश निजी विद्यालयसँग छात्रावासको सुविधा छैन र यस्तो सुविधा निर्माण गर्न उनीहरूलाई ठूलो आर्थिक भार पर्छ । यसको सिधा परिणामस्वरुप निजी विद्यालयहरूले अन्य शुल्कहरू (जस्तै- भर्ना, परीक्षा, अतिरिक्त क्रियाकलाप शुल्क) बढाउनेछन्, जसले गर्दा समग्र शिक्षा अझ महँगो हुनेछ । यसले अन्ततः विद्यालय बन्द हुने वा शिक्षकको तलब र सुविधामा कटौती हुने जोखिम निम्त्याउँछ, जसको विरोध हुनु स्वाभाविक देखिन्छ ।

**समाधानको एकीकृत र व्यावहारिक बाटो**

गुणस्तरीय शिक्षाको पहुँच सबैका लागि सुनिश्चित गर्न सरकार, निजी क्षेत्र र शिक्षक महासंघ सबैले सहकार्य गर्नुपर्ने हुन्छ । यो समस्याको समाधान एकलौटी नभई एकअर्काको भूमिकालाई स्वीकार गर्दै अगाडि बढे मात्र सम्भव छ ।

गुणस्तरीय शिक्षाको प्राथमिक जिम्मेवारी र दायित्व सरकारको हो भन्ने कुरालाई पुनः स्थापित गर्नुपर्छ । यसका लागि सामुदायिक विद्यालयहरूको गुणस्तर सुधारमा सरकारले ठूलो मात्रामा लगानी गर्नुपर्छ । पर्याप्त र सुविधासम्पन्न कक्षा कोठा, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब, पुस्तकालय, र स्वच्छ खानेपानी तथा शौचालयसहितका नमुना विद्यालयहरूको स्थापना गर्ने, दुर्गम क्षेत्रका विद्यार्थीका लागि आवश्यक छात्रावासको सुविधासहितको विद्यालय निर्माण गर्ने गर्नुपर्छ । यस्तै शिक्षकलाई उचित तलब-सुविधा, पेसागत सुरक्षा र आकर्षक वृत्तिविकासको अवसर प्रदान गरेर योग्य र प्रतिभाशाली व्यक्तिहरूलाई शिक्षण पेसामा आकर्षित गर्न सक्नुपर्छ । नियमित र व्यावहारिक तालिमको व्यवस्था गरेर उनीहरूको शिक्षण क्षमतामा सुधार ल्याउने कोसिस गर्नुपर्छ । समयसापेक्ष, व्यावहारिक र प्रविधिमैत्री पाठ्यक्रम लागु गर्नुपर्छ । विद्यार्थीहरूको सिर्जनात्मकता र आलोचनात्मक सोच विकास गर्नमा जोड दिन जरुरी छ । विद्यालयहरूमा अंग्रेजी माध्यमको पढाइलाई प्राथमिकता दिँदै निजी विद्यालयसरहको शैक्षिक वातावरण सिर्जना गर्नुपर्छ ।

**निजी विद्यालयलाई नियमन र साझेदारीमा ल्याउने**

निजी विद्यालयहरूलाई व्यापारिक संस्थाका रूपमा नभई शिक्षा क्षेत्रमा योगदान गर्ने साझेदारका रूपमा हेर्नुपर्छ । निजी विद्यालयहरूलाई नाफा कमाउने व्यवसायको सट्टा गैरनाफामुखी सेवामूलक संस्थाको रूपमा सञ्चालन गर्न प्रोत्साहित गर्ने र यसका लागि सरकारले कर छुटजस्ता नीति अवलम्बन गर्न सक्छ । निजी विद्यालयहरूले विपन्न विद्यार्थीहरूलाई निःशुल्क शिक्षा र आवासीय सुविधा प्रदान गरेबापत सरकारले उनीहरूलाई विद्यार्थी संख्याको आधारमा निश्चित रकम आर्थिक अनुदान उपलब्ध गराउन सक्छ ।

विधेयकमा आवासीय सुविधालाई सबै निजी विद्यालयमा अनिवार्य गर्नुको सट्टा 'यदि विद्यालयमा छात्रावासको सुविधा उपलब्ध छ भने सरकारको अनुदानमा निश्चित प्रतिशत विद्यार्थीलाई निःशुल्क आवासीय सुविधा दिनुपर्नेछ' भन्ने प्रावधान राख्न सकिन्छ । यसले विद्यालयलाई जिम्मेवार बनाउँछ र सरकारको दायित्व पनि सुनिश्चित हुन्छ ।

**नेपाल शिक्षक महासंघसाग सहकार्य गर्ने**

शिक्षक महासंघको विरोध र आन्दोलनलाई समस्याका रूपमा मात्र नहेरी समाधानको एक महत्वपूर्ण अंगका रूपमा हेर्नुपर्छ । शिक्षकको बढुवा, स्थायीकरण र ट्रेड युनियन अधिकारलाई नयाँ शिक्षा ऐनमा स्पष्ट रूपमा समावेश गर्दा शिक्षकहरूको मनोबल उच्च राख्न मद्दत गर्छ । शिक्षासम्बन्धी कुनै पनि नीति निर्माण गर्दा शिक्षक महासंघ र अन्य सरोकारवालाहरूलाई संलग्न गराएर उनीहरूको राय र सुझावलाई सम्मान गर्नुपर्छ ।

**अन्य देशहरूमा शिक्षाका प्रावधान**

विश्वका कुनै पनि देशले नेपालमा प्रस्तावित भएजस्तै निजी विद्यालयहरूलाई कुनै पनि सरकारी सहयोगविना अनिवार्य रूपमा सबै छात्रवृत्ति पाउने विद्यार्थीलाई निःशुल्क आवासीय सुविधा दिनुपर्ने प्रावधान बनाएका छैनन् । बरु, उनीहरूले यसलाई विभिन्न मोडेल र साझेदारी मार्फत सम्बोधन गरेका छन् । संयुक्त राज्य अमेरिकाका केही राज्यहरू र चिली जस्ता देशहरूमा भौचर प्रणाली प्रचलनमा छ । यसअन्तर्गत सरकारले आर्थिक रूपमा कमजोर परिवारका विद्यार्थीलाई निश्चित रकमको 'भौचर' दिन्छ, जसलाई उनीहरूले चाहेको निजी विद्यालयमा शुल्क तिर्न प्रयोग गर्न सक्छन् ।

युरोपका बेल्जियम र नेदरल्यान्ड्स जस्ता देशमा सरकार र निजी विद्यालयबीच बलियो साझेदारी छ। निजी विद्यालयहरूले पनि सार्वजनिक विद्यालयसरह नै सरकारबाट पूर्ण वा आंशिक आर्थिक सहयोग पाउँछन्, त्यसको सट्टा उनीहरूले सरकारले तोकेका पाठ्यक्रम र शैक्षिक मापदण्डहरू पालना गर्नुपर्छ । फिनल्याण्ड, क्यानडा र जर्मनी जस्ता देशमा शिक्षामा समानता सुनिश्चित गर्ने प्रमुख आधार नै बलियो सार्वजनिक शिक्षा प्रणाली हो । यहाँ सरकारी विद्यालयको गुणस्तर यति उच्च छ कि धनी र गरिब सबै परिवारले सरकारी विद्यालयमै पढाउन रुचाउँछन् ।

बेलायत र अमेरिकाका धेरै प्रतिष्ठित निजी आवासीय विद्यालयहरूले आर्थिक रूपमा कमजोर तर जेहेन्दार विद्यार्थीहरूका लागि आफैँले छात्रवृत्ति र आर्थिक सहायता कार्यक्रम चलाउँछन्, तर यो राज्यको अनिवार्य नियम नभई विद्यालयको आफ्नै नीतिको हिस्सा हो । नेपालमा गुणस्तरीय शिक्षाको पहुँच र समानता सुनिश्चित गर्ने चुनौती जटिल भए पनि असम्भव छैन । यसका लागि सरकारले आफ्नो संवैधानिक दायित्वलाई प्राथमिकतामा राख्दै सामुदायिक विद्यालयलाई सबल बनाउनुपर्छ । साथै, निजी क्षेत्र र शिक्षक महासंघलाई साझेदारीको भावनाका साथ अगाडि बढाएर एक एकीकृत र दिगो समाधान खोज्नुपर्छ । हामीले बुझ्नुपर्छ कि शिक्षामा समानता ल्याउनुको अर्थ सबै निजी विद्यालयहरूलाई बन्द गर्नु होइन, न त सबै भार उनीहरूमाथि थोपर्नु नै हो । बरु यसको अर्थ सरकारले आफ्नो जिम्मेवारी बहन गर्दै एक यस्तो शैक्षिक वातावरण सिर्जना गर्नु हो, जहाँ हरेक बालबालिकाले चाहे उनीहरू गरिब होउन् वा धनी, गुणस्तरीय शिक्षा प्राप्त गर्न सकून् ।

*(साभार: रातोपाटी)*

# भारत जाने नेपाली श्रमिक पहिलो पटक श्रम आप्रवासन नीतिमा, कसरी हुन्छ कार्यान्वयन ?



काठमाडौं/सरकारले पहिलो पटक भारतमा रोजगारीका लागि जाने लाखौं नेपालीलाई श्रम आप्रवासन नीतिको दायरामा ल्याएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरेको 'राष्ट्रिय श्रम आप्रवासन नीति २०८२' ले परम्परागत रूपमा वैदेशिक रोजगारीको परिभाषा बाहिर रहेका भारत जाने श्रमिकलाई समेत समेट्दै उनीहरूको सामाजिक सुरक्षा र अधिकार सुनिश्चित गर्ने लक्ष्य राखेको छ ।

यो नीतिलाई एक महत्त्वपूर्ण र ऐतिहासिक कदमका रूपमा हेरिए पनि यसको कार्यान्वयनमा भने ठूला व्यावहारिक चुनौती रहेको विज्ञ बताउँछन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार नयाँ नीति अन्तर्गत भारतमा रोजगारीका लागि जाने नेपालीलाई वैदेशिक रोजगार बोर्डको कल्याणकारी कोषमा आबद्ध गराइने छ ।

मन्त्रालयका एक अधिकारीका अनुसार भारतमा रोजगारीमा जाने श्रमिकहरू स्थानीय तहमार्फत राज्य प्रणालीमा आबद्ध हुनेछन् । भारत जानुअघि श्रमिकले आफ्नो स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमा दर्ता गराउनुपर्छ । यो विवरण केन्द्रीय डाटाबेसमा एकीकृत हुन्छ, जसले गर्दा उनीहरू स्वत: बोर्डको प्रणालीमा समेटिने ती अधिकारीको भनाइ छ ।

यो प्रक्रियाका लागि श्रमिकले निश्चत रकम सांकेतिक रूपमा बोर्डको कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने छ । त्यो २ सयदेखि ५ सय रुपैयाँ हाराहारी हुनेछ । जुन कतिपय अवस्थामा स्थानीय तहले नै तिरिदिन सक्ने व्यवस्था पनि गरिएको छ । यसका लागि मन्त्रालयले कार्यविधि बनाइरहेको छ । मन्त्रालयका ती अधिकारीका अनुसार कार्यविधिले श्रमिकको आवश्यक तथ्यांक राख्नेदेखि कोषमा रकम जम्मा गराउनेसम्मको व्यवस्था गर्ने छ । शुल्क जम्मा गरेपछि उनीहरू बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवा-सुविधाका लागि योग्य हुने ती अधिकारीको भनाइ छ । भारतमा रोजगारी प्राय: मौसमी हुने भएकाले अन्य देशको तुलनामा शुल्क कम राखिएको मन्त्रालयको भनाइ छ । यो नीति कार्यान्वयनका लागि आवश्यक कार्यविधि तयार भइसकेको र वैदेशिक रोजगार ऐन तथा नियमावलीमा पनि संशोधन तयारी भइरहेको जनाइएको छ ।

**नीति किन महत्त्वपूर्ण ?**

विज्ञहरूले भारत जाने नेपाली श्रमिकलाई राज्यको नीतिगत दायरामा ल्याउनु आफैंमा ठूलो उपलब्धि भएको बताएका छन् । लामो समयदेखि भारत जाने श्रमिकका विषयमा अध्ययन गर्दै आएका निड्स नेपालका सहकार्यकारी निर्देशक प्रकाश मडैका अनुसार कतिपय क्षेत्रमा ७० प्रतिशत घर धुरीका सदस्य आफ्नो जीवनकालमा एक पटक कामको खोजीमा भारत पुगेका हुन्छन् ।

'यो २ सय वर्ष पुरानो इतिहास बोकेको आप्रवासनलाई राज्यले अहिलेसम्म सुनेको थिएन, पहिलो पटक नीतिमा समेटिनु एक ऐतिहासिक सफलता हो,' मडैले भने । श्रम आप्रवासन विज्ञ रामेश्वर नेपालका अनुसार भारत जाने श्रमिकहरू प्राय: आर्थिक रूपमा सबैभन्दा कमजोर वर्गका हुन्छन् । 'सवा लाख, डेढ लाख रुपैयाँ नभएर खाडी वा मलेसिया जान नसक्ने वर्ग भारत जाने हो,' उनी भन्छन्, 'यो वर्गलाई अहिलेसम्म कुनै पनि नीतिले समेटेको थिएन, त्यसैले यो प्रयास अत्यन्त जरुरी थियो ।'

**कार्यान्वयनका प्रमुख चुनौती**

नीतिगत रूपमा सकारात्मक भए पनि यसको कार्यान्वयन पक्ष निकै जटिल र चुनौतीपूर्ण रहेको विज्ञहरूको विश्लेषण छ । नेपाल र भारतबीचको खुला सिमाना कार्यान्वयनको सबैभन्दा ठूलो चुनौती रहेको श्रम विज्ञ डा. जीवन बानियाँको भनाइ छ । 'अन्य देशमा जस्तो विमानस्थलबाट श्रम स्वीकृति जाँच गरेर जाने प्रणाली यहाँ छैन । मानिसहरू विभिन्न नाकाबाट सहजै आवतजावत गर्छन् । उनीहरूलाई सीमामा रोकेर दर्ता गराउन लगाउनु व्यावहारिक देखिँदैन,' बानियाँले भने । बिहान झोला बोकेर हिँडेको मानिसलाई दर्ताको दायरामा ल्याउन समस्या हुने र शतप्रतिशत दर्ता गराउन निकै कठिन रहेको बानियाँको भनाइ छ ।

अन्य देशमा जाने श्रमिकका लागि कल्याणकारी कोष र सामाजिक सुरक्षा कोषमा योगदान अनिवार्य छ । तर, भारत जानेका हकमा श्रम स्वीकृति नचाहिने हुँदा यो व्यवस्था अनिवार्य गर्न नसकिने बानियाँको भनाइ छ । 'उनीहरूलाई योगदान गर्न कसरी लगाउने भन्ने नै मुख्य चुनौती हो । यदि योगदानविना नै सेवा दिने हो भने त्यो सम्भव होला, तर योगदानमा आधारित बनाउने हो भने प्रणाली निर्माण गर्न र प्रभावकारी बनाउन कठिन छ,' बानियाँले भने । त्यस्तै सरकारी नीतिबारे आम श्रमिकसम्म जानकारी पुग्न र उनीहरूलाई दर्ता गर्दा हुने फाइदाबारे बुझाउन समय लाग्ने नेपालको भनाइ छ ।

'यदि दर्ता गराउँदा केही फाइदा छैन भन्ने श्रमिकलाई लाग्यो भने उनीहरू यो प्रक्रियामा आउँदैनन्,' नेपालले भने । राज्यले घोषणा गरेका नीति कार्यान्वयन नहुँदा नागरिकमा निराशा र राज्यप्रतिको अविश्वास बढ्ने जोखिम रहेको नेपालको बुझाइ छ । भारत जाने अधिकांश श्रमिक मौसमी प्रकृतिका हुन्छन् । ६ महिना काम गर्ने, खेतीपातीको समयमा फर्किने र चाडपर्वमा आउजाउ गरिरहने हुँदा उनीहरूका लागि कस्तो खालको कल्याणकारी योजना बनाउने भन्नेमा स्पष्टता आवश्यक रहेको मडैको भनाइ छ । 'कम्तीमा ६ महिना जाने र त्योभन्दा लामो समय बस्नेहरूका लागि फरक-फरक किसिमको योजना बनाउन सकिन्छ,' मडैले सुझाव दिँदै भने ।

**अबको बाटो र सरकारको योजना**

यो नीतिको सफलता स्थानीय तहको सक्रियतामा निर्भर हुने विज्ञहरूको भनाइ छ । स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमार्फत नै दर्ता प्रक्रिया प्रभावकारी बनाउनुपर्ने उनीहरूको सुझाव छ । डा. बानियाँ फिलिपिन्सको उदाहरण दिँदै भन्छन्, 'फिलिपिन्समा योगदान गर्नेहरूका लागि एउटा कोष छ भने आपतमा परेका कुनै पनि नागरिक (अभिलेखमा नभएका समेत) का लागि अर्को आपतकालीन कोष छ । नेपालले पनि यस्तै मोडेलमा सोच्न सक्छ ।'

नीति कार्यान्वयनमा आएपछि श्रमिकले आवधिक जीवन बिमा, दुर्घटना बिमा, स्वास्थ्य उपचार र उनीहरूका बालबालिकाले शैक्षिक छात्रवृत्ति जस्ता सुविधा पाउन सक्छन् । यसलाई सामाजिक सुरक्षा कोषसँग जोड्न सके भविष्यमा पेन्सनको समेत व्यवस्था हुन सक्ने सम्भावना छ ।

मन्त्रालयका अधिकारीका अनुसार मन्त्रालयले एक तहको गृहकार्य अघि बढाइसकेको छ । स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत श्रमिकहरूको दर्ता गरिने मन्त्रालयका ती अधिकारीले बताए । नीति आएपछि अब मन्त्रालयले वैदेशिक रोजगार ऐन तथा अन्य नियम कानुन संशोधन गरिने उनको भनाइ छ । अहिले भारतमा करिब ८ देखि १० लाख नेपाली कार्यरत रहेको अनुमान छ, यद्यपि यकिन तथ्यांक कसैसँग छैन । यो नीतिले उनीहरूको तथ्यांक संकलनदेखि सामाजिक सुरक्षा सुनिश्चित गर्नसम्मको ढोका खोलेको छ । तर, यसको सफल कार्यान्वयनका लागि बलियो राजनीतिक इच्छाशक्ति, सरकारी संयन्त्रको प्रभावकारिता र नागरिक समाजसँगको सहकार्य अपरिहार्य रहेको विज्ञहरूको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# दयाहाङ र रिश्मा बिनै 'रिमै'ले थाल्यो प्रचार अभियान



काठमाडौं/आगामी भदौ २० गतेदेखि 'कबड्डी' जोडी दयाहाङ राई र रिश्मा गुरूङको मुख्य भूमिका रहेको फिल्म 'रिमै' प्रदर्शनमा आउने तयारीमा छ । दुई साताअघि सार्वजनिक टिजरले दर्शकमाझ चर्चा बटुलिरहँदा टिमभित्र भने विवाद देखिएको छ । निर्माताले प्राविधिकदेखि कलाकारसम्मको पूरा पारिश्रमिक अझै तिर्न बाँकी हुँदा फिल्मका मुख्य कलाकारले नै प्रचार बहिष्कार गरेका छन् ।

दयाहाङले सबैको पारिश्रमिक फछ्र्यौट नभएसम्म फिल्मको प्रचार नगर्ने अडान लिएर बसेका छन् । यही कारण उनले पोस्टर र टिजर समेत सेअर गरेका छैनन् । रिश्माले भने आफ्नो क्यारेक्टर पोस्टरलाई नै फेसबुकको प्रोफाइलमा राखेकी छन् । यसको अर्थ उनी टिमसँग असन्तुष्ट छैनन् । तर, हाल उनी अमेरिकामा भएकाले फिल्मको प्रचारमा प्रत्यक्ष रूपमा सहभागी हुन सकेकी छैनन् ।


फिल्मका दुई प्रमुख कलाकार प्रचारमा उपलब्ध नभए पनि निर्माण टिमले अब आफ्नै हिसाबले प्रचार अभियान सुरू गरेको छ । शनिबार ३१औं विश्व आदिवासी दिवसको अवसरमा काठमाडौंका विभिन्न ठाउँमा सम्पन्न र्‍यालीमा फिल्मका निर्देशकसहितको टिम सहभागी भयो । त्यस र्‍यालीमा सहभागी अधिकांशले 'रिमै'को टिसर्ट पहिरिएका थिए । जसमा केही विदेशी पर्यटकहरू पनि थिए ।

फिल्मको टिम र्‍यालीमा आदिवासी समुदायको मौलिक पहिचान र संस्कृति जगेर्ना गर्ने सन्देशसहित सहभागी भएको थियो । निर्देशक खिल बहादुर गुरुङले फिल्ममा पनि आदिवासी समुदायको यथार्थ कथा, संस्कृति र चुनौतीलाई प्रभावकारी ढंगमा प्रस्तुत गरिएको बताए । उनका अनुसार फिल्मले आदिवासी समुदायको संस्कृति र रितिरिवाजको जगेर्ना गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ ।

उपेन्द्र सुब्बाको लेखन रहेको 'रिमै'मा दयाहाङ र रिश्मासहित गौमाया गुरूङ, कविता आले, माओत्से गुरूङ, पुस्कर गुरूङ, वीरमाया गुरूङ, वीरवल घले, डिवी गुरूङ, टेक गुरूङ, असिम सुब्बा लगायतको अभिनय छ । शैलेन्द्र ध्वज कार्कीको छायांकन रहेको यो फिल्ममा वीरवल घले कार्यकारी निर्मातामा छन् भने निर्माताहरू टीका गुरूङ, जित यात्री गुरूङ र दुनबहादुर घले हुन् ।

# 'डक प्रोड्युसिङ साउथ'मा 'जहाँ फुल्छ गुराँस' छनोट

काठमाडौं/'कौसीद' फिल्मका निर्माता केदार भुसालले निर्माण गरेको नेपाली वृत्तचित्र 'जहाँ फुल्छ गुराँस' (द प्लेस ह्वेयर रेडोडेन्ड्रोन्स ब्लोम) दक्षिण एशियाली निर्माताको डकुमेन्ट्री परियोजना विकासमा केन्द्रित सिर्जनात्मक ल्याब 'डक प्रोड्युसिङ साउथ'मा छनोट भएको छ । ६० बढी भाषाका १११ वटा आवेदनहरूमध्ये नेपालबाट उक्त वृत्तचित्र छानिएको हो ।




आफू निर्देशित वृत्तचित्र 'डक प्रोड्युसिङ साउथ'मा छनोट भएपछि निर्देशक रजिला श्रेष्ठले खुसी व्यक्त गरेकी छन् । उनले फेसबुकमा लेखेकी छन्, 'यो धेरै आवश्यक छनोट हो । किनकि, हामी नेपाली फिल्म निर्माताहरूले यस विषयमा आफूलाई शिक्षित गर्न आवश्यक छ । आशा छ, म यस ल्याबबाट सिक्ने र बुझ्नेछु । निकट भविष्यमा फिल्म निर्माताहरूसँग पनि अनुभव साट्नेछु ।'

'डक प्रोड्युसिङ साउथ' दक्षिण एसियाली वृत्तचित्रलाई सशक्त बनाउन 'पियर-टु-पियर' मोडलमा चल्ने गर्छ, जसका सह-संस्थापक भारतीय फिल्ममेकर अनिर्बान दत्ता र अनुपमा श्रीनिवासन हुन् । यस वर्षको सिर्जनात्मक ल्याब आगामी सेप्टेम्बर १ देखि ५ सम्म भारतको दिल्लीमा तय गरिएको छ । जसमा नेपालसहित भारत, बंगलादेश जस्ता देशका वृत्तचित्र छनोट भएका छन् ।

'जहाँ फुल्छ गुराँस' एउटा ग्रामीण बस्तीका दुई हिन्दु परिवारले आफ्ना छोराहरूलाई काठमाडौंको बौद्ध गुम्बामा भिक्षु बनाउन पठाएको कथामा आधारित छ । यसअघि यो वृत्तचित्र ग्लोबल मिडिया मेकर्स (लस एन्जल्स), टोक्यो डक्स (जापान), ढाका डक ल्याब (बंगलादेश) र डकएज कोलकाता (भारत)का ल्याब तथा रेसिडेन्सीहरूका लागि छनोट भइसकेको छ ।

# ५० प्रतिशत भन्सारले भारत आहत, नेपाललाई राहत



काठमाडौं/अमेरिकाले ५० प्रतिशत भन्सार लगाइदिएपछि भारत आहत बनिरहेका बेला त्यही नीति नेपालका लागि भने ठूलो अवसरका रूपमा उदाएको छ । अमेरिकाले भारतलाई 'जस्तालाई त्यस्तै भन्सार' (रेसिप्रोकल ट्यारिफ) बापत २५ प्रतिशत भन्सार लगाएको छ, जुन यही बिहीबारदेखि कार्यान्वयनमा आइसकेको छ । त्यस अतिरिक्त भारतले रुसबाट तेल किनिरहेको आरोपमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले थप २५ प्रतिशत भन्सार थपिदिएका छन् । ट्रम्पले कार्यकारी आदेश मार्फत थपिदिएको यो भन्सार आगामी २७ अगस्टदेखि लागु हुनेछ ।

तर, अमेरिकाले नेपाललाई भने १० मात्रै रेसिप्रोकल भन्सार लगाएको छ । यस्तो अवस्थामा भारतसँगको व्यापार वार्ता असफल भएर भारतमाथि ५० प्रतिशत नै भन्सार कायम भएको अवस्थामा नेपाल र भारतबीचको भन्सार दरमा ४० प्रतिशत फरक हुनेछ । होइन, ट्रम्पले हालै लगाएको थप २५ प्रतिशत भन्सार फिर्ता लिए भने पनि यी दुई देशबीचको भन्सार दरमा १५ प्रतिशतको फरक पर्ने छ । 'भन्सार दरमा १५ प्रतिशत मात्रै फरक पर्नु पनि अन्तर्राष्ट्रिय व्यापारमा धेरै ठूलो हो, यस्तो अवस्थालाई नेपालले आफ्नो हितमा प्रयोग गर्न सक्नुपर्छ,' काठमाडौंस्थित दक्षिण एसियाली थिंक ट्यांक सावतीका कार्यकारी निर्देशक डा. पारस खरेलले भने ।

अमेरिका नेपालको दोस्रो ठूलो निर्यात गन्तव्य हो । गत आर्थिक वर्ष २०८१/८२ मा नेपालबाट अमेरिकामा १८ अर्ब ३२ करोडका वस्तु निर्यात भएको छ । यो अघिल्लो आव २०८०/८१ को तुलनामा ६ प्रतिशतले बढी हो । सोही वर्ष १७ अर्ब ३१ करोडका सामान निर्यात भएको थियो । नेपालबाट खासगरी कार्पेट, छुर्पी, तयारी कपडा, फेल्टका सामान तथा माटो र अन्य धातुका भाँडावर्तन निर्यात हुने हुने गरेको छ ।

भारत बाहेक दक्षिण एसियाली देश बंगलादेश, पाकिस्तान तथा श्रीलंकालाई पनि १९-२० प्रतिशत भन्सार दर अमेरिकाले लगाएकाले त्यसबाट पनि नेपाललाई फाइदा हुने खरेलको भनाइ छ । कार्पेट, टेक्सटायल, छुर्पी लगायत वस्तु नेपालको तुलनामा भारतबाट अत्यधिक रूपमा अमेरिका निर्यात हुँदै आएको छ । त्यस्तै तयारी पोसाकका सन्दर्भमा बंगलादेश दक्षिण एसियाको सबैभन्दा ठूलो निर्यातक हो । 'भन्सार दरका हिसाबले अब यी देशको तुलनामा नेपाललाई प्रतिस्पर्धी लाभ धेरै छ । त्यसो हुँदा ट्रम्पको नयाँ ट्यारिफबाट नेपालले निश्चित रूपमा फाइदा लिन सक्नुपर्छ । यस्तो अवस्थामा पनि नेपालले फाइदा लिन सकेन भने नेपाल वास्तवमा व्यापार गर्नै नसक्ने देश रहेछ भन्ने बुझ्नुपर्छ,' उनले भने ।

ट्रम्पले ७ अगस्टदेखि लागु गरेको नयाँ रेसिप्रोकल ट्यारिफपछि अमेरिकाको भन्सार दरमा एक किसिमको निश्चितता देखिएको पनि उनले बताए । 'गत २ अप्रिलमा रेसिप्रोकल भन्सार लगाइयो, बीचमा स्थगित गरियो । त्यो लागु हुने-नहुने निश्चित थिएन । तर, अहिले लागेको भन्सार कम्तीमा ट्रम्पको कार्यकालभरि लागु हुने अपेक्षा गर्न सकिन्छ,' उनले भने, 'यस्तो अवस्थामा नेपालले लगानी बढाउने, विदेशी लगानी आकर्षित गर्ने र अमेरिकामा खुलेको अवसर लिने तरिकाले अघि बढ्नुपर्छ ।' नेपालको सहुलियतपूर्ण बजार प्रवेश सुविधा (जीएसपी) अवधि सकिएर नेपाललाई १० प्रतिशत भन्सार लाग्न सुरु भइसकेको अवस्थामा त्यसमा वृद्धि नहुने देशका लागि अवसर भएको नेपाल निर्यात परिषद् अध्यक्ष नरेशलाल श्रेष्ठ बताउँछन् । 'यसपछि अब नेपालमा बाहिरबाट लगानी भित्रिने र निर्यात बढ्ने अपेक्षा गर्न सकिन्छ,' उनी भन्छन् ।

तर, सरकारले अझै पनि अमेरिकी सरकारसँग वार्ता गरेर भन्सार दर अझै कम गर्न वा अहिलेको १० प्रतिशत बढ्न नदिने कुरालाई सुनिश्चित गर्नुपर्ने उनी बताउँछन् । नेपाल तयारी पोसाक उत्पादक संघ अध्यक्ष पशुपतिदेव पाण्डे पनि रेसिप्रोकल ट्यारिफ सम्बन्धी पछिल्लो नीतिबाट उत्साहित छन् । 'अमेरिकाले लगाउने भन्सार दर कुन देशलाई कति भन्ने अझै पनि स्पष्ट हुन सकेको छैन । धेरै देशहरू अझै व्यापार वार्ताकै क्रममा छन्, त्यसो हुँदा दरमा तलमाथि हुन सक्छ,' उनले भने, 'तर, अहिले भारत, बंगलादेश, पाकिस्तान, नेपाल लगायतलाई लागेको भन्सार निरन्तर हुने हो भने यसले नेपालको उत्पादन र निर्यातमा ठूलो विस्तार हुनेछ,' उनले भने ।

अहिले वार्षिक साढे १० अर्बको तयारी पोसाक निर्यात भइरहेकोमा अमेरिकाको हिस्सा करिब ४० प्रतिशत भएको उनले बताए । 'अहिले अमेरिकामा ४ अर्बजतिको तयारी पोसाक निर्यात भइरहेको छ । विद्यमान दर कायमै रहँदा केही वर्षमा नै यो पचासौं-सयौं गुणाले बढ्ने सम्भावना हुन्छ,' उनले भने । खासगरी कार्पेट, गार्मेन्ट, फेल्ट, पश्मिना लगायत वस्तु निर्यातमा गुणात्मक विस्तार हुने उनी बताउँछन् । नेपालमा छिमेकी देशमाथि अमेरिकाले लगाउने भन्सार बढेपछि अब नेपाली उद्योगहरूमा अर्डर बढ्ने अपेक्षा रहेको उनी बताउँछन् ।

'बाहिरबाट आउने अर्डर बढेपछि उत्पादन बढ्छ, त्यसपछि उद्योगको क्षमता पनि बढ्दै जान्छ,' उनले भने, 'यस्तो अवस्थामा विदेशका ठूला ब्रान्डले नेपालमा प्रविधि हस्तान्तरण गर्दै जान्छन् ।' यो नीतिले दीर्घकालमा काम गरेको अवस्थामा निर्यातमूलक नेपाली उद्योगको 'ब्याकवार्ड फर्वार्ड लिंकेज' अझै बलियो हुँदै जाने उनको भनाइ छ । २ अप्रिलमा यसअघि राष्ट्रपति ट्रम्पले रेसिप्रोकल ट्यारिफ घोषणा गरेका थिए, ९ अप्रिलमा त्यो तीन महिनाका लागि स्थगित गरेका थिए । 'त्यहीबीचमा पनि नेपालमा सामानका लागि इन्क्वायरी बढ्न थालेको थियो,' पाण्डेले भने, 'तीन महिना स्थगनपछि पुन: ट्यारिफ लागु भएको छ । अब निश्चित रूपमा नेपालको निर्यात बढ्ने छ ।'

व्यापार विस्तारका लागि ब्याजदर कम गराउन, प्रशासनिक झन्झट कम गर्न तथा निर्यातको सहज वातावरण बनाउन सरकारले भूमिका खेल्नुपर्ने उनको भनाइ छ । अमेरिकामा हुने निर्यात अझै सहुलियतपूर्ण बनाउन नेपाल सरकारले पहल गर्नुपर्ने उनको भनाइ छ । 'भूकम्पपछि नेपाललाई अमेरिकाले विभिन्न ७७ वस्तुमा सहुलियतपूर्ण बजार पहुँच दिएको थियो । त्यस्तै किसिमको सहुलियतपूर्ण बजार पहुँचका लागि नेपाल सरकारले पहल गर्नुपर्छ । परराष्ट्रमन्त्रीकै नेतृत्वमा अमेरिकासँग व्यापार वार्ताको पहल होस् भन्ने हामी चाहन्छौं,' उनी भन्छन् । सन् २०१५ मा भूकम्पपछि नेपालका ७७ प्रकारका सामानलाई अमेरिकाले 'नेपाल ट्रेड प्रिफरेन्स प्रोग्राम' (एनटीपीपी) अन्तर्गत भन्सार रहित प्रवेश सुविधा दिएको छ । यो कार्यक्रम अन्तर्गत नेपालको कुल निर्यातको ८.५ प्रतिशत जाने गरेको सावतीका कार्यकारी निर्देशक खरेल बताउँछन् । यही वर्षको डिसेम्बरबाट यो सुविधाको म्याद सकिँदै छ ।

त्यसका साथै अमेरिकाले नेपाललाई दिँदै आएको सहुलियतपूर्ण बजार पहुँच (जीएसपी) सुविधा पनि सन् २०२० देखि नवीकरण भएको छैन । यो सुविधा अन्तर्गत १२.५ प्रतिशत सामान अमेरिका निर्यात हुँदै आएको खरेलको भनाइ छ । अमेरिकाले अब एनटीपीपी र जीएसपी दुवै नवीकरण गर्ने सम्भावना कम भएको उनी बताउँछन् । नेपालबाट निर्यात हुने ११ प्रतिशत वस्तुमा विभिन्न दरको भन्सार लाग्दै आएको उनको भनाइ छ । 'त्यसबाहेक ६६ प्रतिशत जति भने शून्य भन्सारमा जान्छ,' उनले भने, 'यस्ता सामानमा नेपालले पनि शून्य भन्सार सुविधा पाएको थियो, अन्य देशले पनि सोही सुविधा पाएका थिए ।' अब भने यी सबै वस्तुमा जुन देशलाई जति भन्सार लागेको हो, त्यो थपिने उनले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# टिकटकर आभा ढुंगानाले 'कश्यप'बाट फिल्मबाट डेब्यु गर्ने

काठमाडौं/पछिल्लो समय टिकटक पृष्ठभूमिका कलाकारहरुको फिल्ममा डेब्यु गर्ने लहर नै देखिएको छ । गरिमा शर्मा, सनिशा भट्टराई, पवित्रा साकी (मिस पवी), सिम्रन पन्त जस्ता टिकटकरले फिल्मी करिअर सुरु गरिसकेको अवस्था अब अर्की टिकटक 'स्टार' आभा ढुंगानालाई पनि फिल्ममा देख्न पाइने भएको छ । उनले फिल्म 'कश्यप'बाट डेब्यु गर्न लागेकी हुन् ।

उनलाई निर्माण पक्षले सोमबार फिल्ममा अनुबन्धित गरेको हो । निर्देशक दिनेश जी खड्काले स्क्रिन-टेस्ट र अभिनयको परिक्षण गरेरै आभालाई फिल्ममा लिइएको जानकारी दिए । उनका अनुसार फिल्ममा आभा एक्सन भूमिकामा देखिनेछिन् । त्यसका लागि केही दिनदेखि उनले एक्सनको प्रशिक्षण लिइरहेकी छन् ।

'कश्यप'मा अनुबन्ध भएपछि आभा भन्छिन्, 'फिल्मको कथावस्तु, गीत-संगीत र सम्पूर्ण पक्ष उत्कृष्ट बनाउन निर्माण टिमले निकै मिहिनेत गरेको छ । मलाई विश्वास छ, 'कश्यप'ले दर्शकहरूलाई मनोरञ्जन मात्र होइन, राम्रो सन्देश पनि दिनेछ ।' टिकटकमा साढे चार लाखभन्दा बढी फलोअर्स भएकी आभाले यसअघि केही म्यूजिक भिडियोमा काम गरिसकेकी छन् ।

'कश्यप'मार्फत बाल कलाकार रिद्धी खत्रीले पनि फिल्ममा डेब्यु गर्ने भएकी छन् । अडिसन मार्फत छनोट भएकी रिद्धीले धेरै प्रतिस्पर्धीलाई पछि पार्दै 'कश्यप'को महत्त्वपूर्ण पात्रमा अभिनयको अवसर पाएकी हुन् । उनको अभिनयले फिल्मलाई नयाँ आयाम थप्ने निर्माण पक्षको विश्वास छ ।

केही महिनाअघि नै फिल्मको मुख्य अभिनेतामा सविन श्रेष्ठ अनुबन्धित भइसकेका छन् । यसमा उनी एक्सन भूमिकामा प्रस्तुत हुने जनाइएको छ । एक्सन, थ्रिलर तथा लभस्टोरी कथामा निर्माण हुन लागेको फिल्मको छायांकन साउन अन्तिमबाट सुरु गर्ने तयारीमा निर्माण पक्ष रहेको छ । यसमा निर्देशक खड्का स्वयंको कथा छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# थाहामा श्रीकृष्णाष्टमी, खाना महोत्सवको तयारी तीव्र

साझाकुरा संवाददाता

हेटौंडा, २६ साउन/ थाहा नगरपालिकाको शिखरकोटमा हरेक वर्ष मनाइने श्रीकृष्णजन्माष्टमी जात्रा व्यवस्थित बनाउन तयारी तीव्र गरिएको छ ।

बिगत २८ वर्षदेखि शिखरकोट बजारमा रहेका श्रीकृष्ण मन्दिर परिसरमा लाग्ने कृष्णजन्माष्टमी मेला र घैंटो फुटाउने प्रतियोगिता ब्यवस्थित बनाउनको लागि बजार ब्यवस्थापन समिति शिखरकोट क्रियाशील भएको हो । जन्माष्टमी मेलालाई भब्य र प्रभावकारी बनाउनको लागि विविध रचनात्मक एवम् मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्ने तयारीमा आयोजक रहेका छन् । कृष्णजन्माष्टमी मेलाको अवसरमा यसवर्ष साउन ३०, ३१ र भदौ १ गते तीनदिन विविध कार्यक्रमको आयोजना गर्न लागिएको मोला व्यवस्थापन समिति संयोजक यादवजङ्ग रायमाझीले बताए ।



कृष्णजन्माष्टमी मेलाको अवसरमा यो वर्षदेखि सडक खाना महोत्सवको आयोजना गर्न लागिएको मोला ब्यवस्थापन समितिका संयोजक रायमाझीले बताए । साउन ३० गतेदेखि सुरुहुने सडक खाना महोत्सव थाहा नगरमै पहिलोपटक आयोजना गर्न लागिएको उनले बताए । खाना महोत्सवमा स्थानीय परिकारलाई प्रथमिकता दिई प्रवर्द्धन गर्ने लक्ष्य आयोजकको रहेको छ । खाना महोत्सवको लागि कृष्ण मन्दिर ओरालोको थाहा गेट र विकासघरको आँगनमा स्टल ब्यवस्थापन गरिएको स्टल ब्यवस्थापन समिति संयोजक बिश्वनाथ रायमाझीले बताए ।

मेलाकै अवसरमा साउन ३० गतेदेखि भदौ १ गतेसम्म राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुति सहितको सांस्कृतिक कार्यक्रम हुने आयोजकले जनाएको छ । सांस्कृतिक कार्यक्रममा लोकदोहोरी गायिका प्रतिमा अर्याल, गायक धिरज राई, बिश्व नेपाली, रमेशराज भट्टराई, सरोज लामिछाने लगायत स्थानीय कलाकारको प्रस्तुति रहने बताइएको छ । मेलाको दोस्रो दिन स्थानीय नेवार, तामाङ समुदायको परम्परागत झाँकी प्रदर्शन गरिने कार्यक्रम रहेको आयोजकले जनाएको छ । सोही दिन केही वर्षदेखि नियमित सञ्चालन गरिएको लिटल राधाकृष्ण प्रदशनी हुनेछ ।

लिटल राधाकृष्ण प्रदर्शनीमा सहभागी हुने सबैलाई उपहारका साथै उत्कृष्ठ सहभागीलाई नगद पुरस्कारको ब्यवस्था गरिएको आयोजकले जनाएको छ । मेलाको तेस्रोदिन घैंटो फुटाउने प्रतियोगिता हुनेछ । घैंटो फुटाउने प्रतियोगिता विगत २८ वर्षदेखि निरन्तर सञ्चालनमा आएको छ । प्रतियोगितामा घैंटो फुटाउन सफल समूहलाई सदा झैं नगद पुरस्कारको ब्यवस्था गरिएको छ । घैंटो फुटाउने प्रतियोगिताको सम्भावित जोखिमलाई कम गर्नको लागि अधिकतम सुरक्षाको ब्यवस्था गर्ने संयोजक सुमन बिष्टले बताए ।

मेला त्रिभुवन राजपथको मुख्य सडकक्षेत्रमा हुने भएकाले सडकमा अवरोध नहुने गरी व्यवस्थापन गरिने मेला ब्यवस्थापन समिति संयोजक रायमाझीले बताए । कार्यक्रमका लागि आवश्यक संरचना सडकलाई कम प्रभाव पर्ने गरि निर्माण गरिनेछ भने यातायात सहज बनाउन वैकल्पिक मार्गको प्रयोगको व्यवस्था मिलाइनेछ । घैंटो फुटाउने दिन हेटौंडा तथा काठमाडौं जाने सवारी साधनलाई करिव ३ घण्टाका लागि थाहानगर उद्योग वाणिज्य संघको भवनदेखि रुप्से किटेनी सडक अन्तरगत ४ नम्बर वडा कार्यालय प्राथमिक स्वास्थ्यकेन्द्र सडक वा किटेनी हुँदै बसपार्क-थानाबजार सम्मको बैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गरिएको छ ।

मेला अवधिभर करिव ३ सय जना स्वम्सेवक परिचालन हुने र थाहा नगरप्रहरी, इलाका प्रहरी कार्यालय पालुङ, सशस्त्र प्रहरी लगायतले सुरक्षा ब्यवस्थापनमा सहयोग गर्ने आयोजकले जनाएको छ । साथै कृष्ण मन्दिरमा पूजा गर्न आउने भक्तजनको लाइन ब्यवस्थापन लगायतको स्वयम्सेवाको लागि दामन चेली समाजले सहयोग गर्नेछ । कृष्णजन्माष्टमी मेला धार्मिक आस्थासँगै सांस्कृतिक सम्पदाको प्रतीक भएकाले सबै भक्तजन र दर्शकलाई अनुशासितरुपमा सहभागी हुन अनुरोध आयोजकले गरेको छ ।

मेलामा सहभागी हुँदा भीड व्यवस्थापनमा सहयोग गर्न, यातायात नियम पालन गर्न र वातावरण स्वच्छ राख्न आग्रह गरिएको छ । मेलाकै अवसरमा बजारक्षेत्रमा बालबालिकाको लागि खेलस्थलका साथै बिभिन्न सामग्रीको ३ सय भन्दा बढी स्टल रहने आयोजकले जनाएको छ ।

# ऋषेश्वर/छ्यूमी झ्याङछुप क्षेत्र सरसफाई महाअभियान सकियो



साझाकुरा संवाददाता

हेटौंडा, २६ साउन/ थाहानगरमा रहेको ऋषेश्वर/छ्यूमी झ्याङछुप क्षेत्र सरसफाई महाअभियान साउन महिनाका लागि सकिएको छ ।

ऋषेश्वर/छ्यूमी झ्याङछुप क्षेत्र विकास समितिले साउन महिनालाई लक्षित गरी सञ्चालन गरेको महाअभियान सकिएको समितिका अध्यक्ष बिनोदकुमार लामाले जानकारी दिए । हिन्दु र बौद्ध धर्मावलम्वीको साझा आस्थाको केन्द्र ऋषेश्वरमा साउन महिनाको प्रत्येक सोमबार भक्तजनको भिड लाग्ने गरेको छ ।

भक्तजनको उपस्थितिलाई ध्यानमा राख्दै समितिले ११ साउनमा नगरप्रमुख विष्णुबहादुर विष्टको प्रमुख आतिथ्यतामा सरसफाई महाअभियान शुभारम्भ गरेको थियो । सरसफाई महाअभियानमा विभिन्न २२ संस्थाको प्रतिनिधित्वमा १ सय ९० जनाले सहभागी जनाएका छन् ।

समितिले सुरु गरेको अभियानका लागि थाहा नगर पालिका, थाहा नगरप्रहरी, इलाका प्रहरी कार्यालय पालुङ, सीमभन्ज्याङ प्रहरीचौकी, एभरेस्ट क्लब दामन, शिखर क्लब शिखरकोट, सीमभन्ज्याङ/दामन/थानाबजार बजार ब्यवस्थापन समिति, ऋृषेश्वर टोल विकास संस्था थाहा-४, दामन-सीमभन्ज्याङ-नारायणझ्याउ, अघोर-मान्द्रे टोल विकास संस्था भीमफेदी-९, पोखरी संरक्षण समिति, सीमभन्ज्याङ, ऋृषेश्वर सामुदायिक वन उपभोक्ता समूह, अघोर-महाभिर सामुदायिक बन उपभोक्ता समूह, नेपाल रेडक्रस सोसाईटी दामन उपशाखा, प्राथमिक स्वास्थ्यकेन्द्र, पालुङ, भोम्बो संघ मकवानपुर, फरक सोच, पालुङ जेसीस, जनकल्याण मावि, पालुङ क्याम्पस, ऋषेश्वर महिला खैंजडी भजन समूह, राष्ट्रिय लोक चुड्का संरक्षण प्रतिष्ठान, थाहनगरलगायतको सहभागिता रहेको समितिका अध्यक्ष लामाले जानकारी दिए ।

रुऋषेश्वर/छ्यूमी झ्याङछुप क्षेत्र सरसफाई महाअभियान अन्तर्गत आउँदो भदौ महिनाबाट पाक्षिकरुपमा शनिबार सरसफाई कार्यक्रम गर्ने अध्यक्ष लामाले जानकारी दिए । पहिलो चरणको साउन महिनामा सञ्चालन गरिएको महाअभियानमा नैतिक, आर्थिक, भौतिक सहयोग गर्ने सबैप्रति ऋृषेश्वर/ छ्यूमी झ्याङछुप क्षेत्र विकास समितिले धन्यवादसहित आभार व्यक्त गरेको छ ।

# यातायात मजदुरलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराइने

साझाकुरा संवाददाता

हेटौंडा, २६ साउन/ यातायात व्यवसायीहरुको छाता संगठन नारायणी यातायात व्यवसायी संघको आयोजनामा सामाजिक सुरक्षा कोष सम्बन्धी अन्तर्क्रिया गरिएको छ ।

नारायणी यातायात व्यवसायी संघले यातायात मजदुर लाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने तयारी गरेको हो । सोमबार संघको आयोजनामा संघमा आवद्ध भएका सवारी साधनका चालक, परि चालक, सहचालकलाई कोषमा आवद्ध गराउनका लागि अन्तर्क्रिया कार्यक्रम गरिएको हो ।

कोषकी सहायक निर्देशक राधिका निरौलाले कोषमा आवद्धता भएकाहरुका लागि सरकारले दिने सेवा सुविधाका बारेमा जानकारी गराएकी थिइन् । सामाजिक सुरक्षा कोषमा औपचारिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत कर्मचारी तथा श्रमिकहरु आवद्ध हुन सक्ने बताइएको छ ।

कोषले सरकारले तोकेको न्युनतम आधारभूत पारिश्रमिकको ३१ प्रतिशत योगदान गर्नुपर्ने र आवद्ध भएका व्यक्तिले स्वास्थ्य सेवा, ६० वर्ष उमेरपछि पेन्सन, आफ्नो मृत्युपछि परिवारको भरणपोषण, दुर्घटना उपचार, आवश्यकता अनुसारको ७५ लाख रुपैयासम्मको ऋणसापटी जस्ता सुविधाहरु पाउने अन्तर्क्रियामा जानकारी गराइएको थियो । अन्तरक्रिया कार्यक्रममा यातायात व्यवसायीले आफूहरुको तलब सुविधा नै थोरै हुने भएकोले कोषमा आबद्ध हुन कठिन पर्न सक्ने धारणा राखेका थिए ।

कोषमा आबद्ध हुनको लागि स्थानीय पालिकाहरुले पनि सिफारिस गर्न आनाकानी गर्ने गरेको उनीहरुको गुनासो थियो । संघका अध्यक्ष हीरालाल श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा संघका पदाधिकारी, सवारी साधनधनी, यातायात कर्मचारी, मजदूरहरुको उपस्थिति रहेको थियो । संघका उपाध्यक्ष बिष्णु बिडारी, महासचिव सरोजकुमार खनाल, सचिव गुणराज घिमिरे, शालिकराम ढकाल, चितवन शाखाका प्रतिनिधिहरुले सामाजिक सुरक्षा कोषका बारेमा जिज्ञासा राखेका थिए ।

# मध्यवर्ती क्षेत्रबाट बस्ती हटाउन माग गर्दै हस्ताक्षर संकलन

साझाकुरा संवाददाता

हेटौंडा, २६ साउन/ हेटौंडा-१३ स्थित पदमपोखरी र मनहरीक्षेत्रका स्थानीयबासीले बस्तीलाई मध्यवर्ती क्षेत्रबाट हटाउन माग गर्दै हस्ताक्षर संकलन अभियान संचालन गरेका छन् ।

भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बस्ती संघर्ष समितिको अगुवाइमा सुरु गरिएको अभियानमा यसक्षेत्रका बासिन्दाले वर्षौंदेखि बसोबास गर्दै आएको जग्गामा दावी गर्न नपाएको गुनासो गरेका छन् । समितिका अनुसार संकलित हस्ताक्षर स्थानीय, प्रदेश र संघीय सरकार समक्ष बुझाइनेछ । जसबाट दवाव सिर्जना गर्दै आफ्ना माग पूरा गराउने उद्देश्य लिइएको छ । समितिका संयोजक सूर्य थोकरका अनुसार, यसअघि पनि पटकपटक सरोकार वालासमक्ष आवाज उठाउँदा सुनुवाइ नभएकोले यो कदम अगाडि बढाएको हो ।

उनले अब पनि माग सम्बोधन नभए थप आन्दोलनको तयारी भइरहेको जानकारी दिए । पदमपोखरीचोकमा आयोजित कार्यक्रममा सहभागीले वि.सं.२०११ मा हेटौंडा १२, १३, १४ र वि.सं. १९९५ मा मनहरीको गोगनपानीमा बसोबास सुरु भइसकेको उल्लेख गर्दै त्यसपछि ती क्षेत्रलाई राष्ट्रिय निकुञ्ज अन्तर्गतको मध्यवर्ती क्षेत्रमा पार्नु अन्यायपूर्ण भएको धारणा राखेका छन् । उनले राष्ट्रिय निकुञ्ज ऐन २०२८ र मध्यवर्ती क्षेत्र नियमावली २०५२ को नाममा वि.सं.२०६३ यता चितवन र पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गत गाभिएको प्रक्रियालाई खारेज गर्दै कानुन नै परिमार्जन गर्नुपर्ने माग अघि बढाएका छन् ।

कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधिको उपस्थिति रहेको थियो । सहभागीमध्ये नेपाली कांग्रेसका धिरेन लामा, नेकपा माओवादी केन्द्रका सोविन थिङ, राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा एमाले, राप्रपाका स्थानीय नेता तथा मनहरीबाट संघर्ष समितिका संयोजक क्षेत्रबहादुर वाइबाले ऐक्यबद्धता व्यक्त गरेका थिए ।

# बागमती प्रदेशसभाको अस्थायी भवन आजदेखि सञ्चालनमा आउने

साझाकुरा संवाददाता

हेटौंडा, २६ साउन/ बागमती प्रदेशसभाको अस्थायी भवनको निर्माणकार्य सकिएको छ । ५ वर्षअघि शिलान्यास गरी निर्माणकार्य थालिएको भवनमा आजदेखि औपचारिक रुपमा सञ्चालनमा आउने भएको छ ।

प्रदेशसभा सचिवालयका सचिव रामकुमार पौडेलका अनुसार आज मंगलबार बस्ने प्रदेशसभाको बैठक नयाँ भवनमा आयोजना गरिने तयारी भएको छ । यसदिन बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले विश्वासको मत लिने कार्यक्रम छ । सभाहलको भित्रको सम्पूर्ण काम सकिएको छ भने माइक र जेनेरेटर जडानको अन्तिमचरणमा रहेको सचिव पौडेलले जानकारी दिएका छन् । वि.स. २०७४ माघ १८ गतेको बैठकवाट आफ्नो कार्य प्रारम्भ गरेको प्रदेशसभाले २०७७ मंसिर १० गते मात्रै अस्थायी भवनको शिलान्यास गरेको थियो ।

अर्घाखाँची-सगुन-पार ामाउन्ट जेभीले १८ महिनामा काम सक्ने गरी २०७७ कार्तिक १९ गते ४ करोड ९४ लाख रुपैयाँमा भवन बनाउने ठेक्का पाएको थियो । निर्माण कम्पनीले ढिलो गरी संरचना निर्माण गर्‍यो र थप कामका लागि २०८० फागुन २३ गते सिउँडी निर्माण सेवासँग ३ करोड ५३ लाख रुपैयाँमा शहरी भवन कार्यालयले ठेक्का सम्झौता गरेको थियो ।

प्रदेशसभाले सिउँडी इन्टरनेशनल प्रालिसँग भवनमा फर्निचर/फर्निसिङ कार्यका लागि २ करोड २४ लाख ७३ हजारमा ठेक्का सम्झौता गरेको हो । नयाँ भवन सञ्चालनमा आएपछि प्रदेशसभाको बैठक र कार्यसञ्चालनमा सहजता हुने सचिव पौडेलले बताए ।

# यो वर्ष साउन अन्तिमसम्म कुलेखानी जलासय रित्तै

साझाकुरा संवाददाता

छैंडौ.डा, २६ साउन/ कुलेखानी जलविद्युत आयोजनामा पानीको सतह लगभग सकिएको छ । काठमाडौं उपत्यकामा विद्युतको मुख्य स्रोतकोरुपमा रहेको कुलेखानी जलविद्युत आयोजनामा पानीको सतह लगभग सकिएको छ । वर्षातको समयमै पानीको सतह घटेपछि नेपाल विद्युत प्राधिकरण दबाबमा परेको छ ।

कुलेखानी जलाशयमा पानी जम्मा हुने अधिकतम सीमा समुद्री सतहबाट १५३० मिटर हो भने यसको न्यूनतम सीमा १४८४ मिटर हो । आइतबार कुलेखानी जलाशयमा पानीको सतह १४९२.७ मिटर रहेको छ । जबकी गतवर्ष साउन अन्तिममा कुलेखानीको जलाशय १५१३ मिटर पुगेको थियो । कुलेखानी पूरै भरिँदा करिब ८५ लाख घनमिटर पानी जम्मा हुन्छ । त्यसक्रममा २२० हेक्टर पूर्णरुपमा डुबानमा पर्छ ।

वर्षायाम सुरु भए पनि कुलेखानी जलाधार क्षेत्रमा राम्रोसँग पानी नपरेकोले जलासयमा पानी जम्मा नभई रित्तिदैं गएको विद्युत प्राधिकरणका अधिकारीहरुले जानकारी दिएका छन् । ६० मेगावाट क्षमताको कुलेखानी १, ३२ मेगावाटको क्षमताको कुलेखानी २ र कुलेखानी तेस्रो आयोजनाबाट १४ मेगावाट गरी कुल १०६ मेगावाट विद्युत् उत्पादन हुने गर्छ । नेपालको एक मात्र जलाशययुक्त आयोजना भएकोले वर्षातमा पानी जम्मा गरी हिँउदको समयमा पूर्णक्षमतामा विद्युत उत्पादन गरी काठमाडौं उपत्यकामा प्रवाह गरिदैं आएको थियो ।

यसपटक वर्षातको समयमै आयोजनामा पानी सकिन लागेकोले विद्युत प्राधिकरण दबाबमा परेको छ । 'अझै पानी पर्ला आयोजनाको पोखरी भरिएला भन्ने आशा छ तर, पानी राम्रोसँग परेन र आयोजनास्थल नभरिए त्यसैले यो वर्षको हिउँदमा काठमाडौं उपत्यकामै विद्युतको अभाव सृजना हुनसक्छ । त्यसैले प्राधिकरणलाई चिन्ता थपेको छ' प्राधिकरणका एक अधिकारीले बताए ।


सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



## भवन निर्माणको ज्याला दररेट पेश गर्ने संसोधित कोटेशन आह्वानको १५ (पन्ध्र औं दिने) म्याद थप सम्बन्धित सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८२/०४/२७

यस निर्माण व्यवसायी संघ मकवानपुरको स्वामित्वमा रहेको जि.म. हे.उ.म.न.पा.वडा नं.-४ स्थित कि.नं. ३३४८ र ३२५९ को जग्गामा बहुउद्देश्यीय भवन निर्माण गर्ने निर्णय भए अनुसार उक्त भवन निर्माण कार्य निर्माण सामाग्रीहरु (छड, सिमेन्ट, इट्टा, गिट्टी, वालुवा, झ्याल, ढोका, शटर रेलिङ्ग) वाहेक सम्पुर्ण सिमेन्ट सम्बन्धी कार्यहरु ज्याला दररेटमा गराउनुपर्ने भएको हुदाँ उक्त ५ तल्लाको बहुउद्देश्यीय भवन तथा रुफटप समेत के कति दररेटमा गर्न सकिन्छ सो को ज्याला दररेट पेश गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ

**सर्तहरु**

१. दरभाउपत्र फारम यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र निर्माण व्यवसायी संघ मकवानपुरको कार्यालयबाट खरिद गरी १६ औं दिनको १२:०० वजे भित्र दर्ता गरी सक्नुपर्ने छ ।
२. दरभाउपत्र खरिद गर्नको लागि यस संघको नविल बैक हेटौडा शाखामा रहेको चल्ती खाता नं. ०२३०१०१७५०१९८० मा रु १,००० (एक हजार मात्र पछि फिर्ता नहुने) जम्मा गरेको सक्कल भौचर सहित निवेदन पेश गर्नुपर्ने छ ।
३. दरभाउपत्र दाता फर्म वा कम्पनी भए नविकरण भएको इजाजत पत्र, पान दर्ता प्रमाण पत्र, २०८०/०८१ कर चुक्ता प्रमाण पत्र तथा व्यक्ती वाट भए नागरिकताको प्रतिलिपि सहित दरभाउपत्र खरिद गर्न सकिने छ ।
४. म्याद नाघी प्राप्त भएको वा रित नपुगेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
५. दरभाउपत्र पुर्ण रुपमा स्विकृत गर्ने वा अस्विकृत गर्ने अधिकार यस संघमा निहित रहने छ ।
६. दररेट पेश गर्दा प्रत्येक तल्लाको छुट्टा-छुट्टै छत नापि गरेर (साइड बाहेक) भुक्तानी पाउने गरी प्रत्येक तल्लाको छुट्टा-छुट्टै दररेट पेश गर्नु पर्ने छ ।
७. यस बहुउद्देश्यीय भवनमा लिृट समेत रहने र नक्सा अनुसार शेयर वाल समेत रहने हुदाँ नक्सा, निर्माण स्थल र स्पेशिफिकेशन हेरी बुझी अध्यन गरेर मात्र दररेट पेश गर्नु पर्ने छ ।
८. भवन निर्माणको लागि आवश्यक सम्पुर्ण निर्माण सामाग्रीहरु यस संघले खरिद गरी दिने तर मिक्चर, भाइब्रेटर, लिफ्ट, कम्प्याक्टर मंकी जम्पर, वुट, हेल्मेट, सेफ्टी सामानहरु, क्युव वाक्सा भोल्ड, अरु आवश्यक औजारहरु सम्पुर्ण निर्माण कर्ताले आफै व्यवस्था गर्नु पर्ने छ ।
७. यस बहुउद्देश्यीय भवनमा लिफ्ट समेत रहने र नक्सा अनुसार शेयर वाल समेत रहने हुदाँ नक्सा, निर्माण स्थल र स्पेशिफिकेशन हेरी बुझी अध्यन गरेर मात्र दररेट पेश गर्नु पर्ने छ।
८. भवन निर्माणको लागि आवश्यक सम्पुर्ण निर्माण सामाग्रीहरु यस संघले खरिद गरी दिने तर मिक्चर, भाइब्रेटर, लिृट, कम्प्याक्टर मंकी जम्पर, वुट, हेल्मेट, सेफ्टी सामानहरु,क्युव वाक्सा भोल्ड, अरु आवश्यक औजारहरु सम्पुर्ण निर्माण कर्ताले आफै व्यवस्था गर्नु पर्ने छ ।
९. कार्य अवधिभर निर्माण कार्य गर्दा साइड इन्चार्ज, सुपरभाइजर, कामदारहरु सम्पुर्णको तेस्रो पक्ष बिमा गरे पश्चात सम्झौता गरिने छ ।
१०. यस सूचनामा प्रकाशित भएका कुराहरु यसै अनुसार र अन्य कुनै प्रावधान भए प्रचलित कानुन अनुसार हुनेछ ।

सम्पर्क
कार्यालय फोन नं. : ०५७-५२०८१६
मोवाईल नं. : ९८५५०१५८१६
ईमेल : caofmakwanpur@gmail.com

राजेन्द्र प्रसाद चौलागाई
महासचिव
निर्माण व्यवसायी संघ मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना